# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं

प्रदेश नं.३, नेपाल

प.सं.: २०७९।८०

च.नं.: ८८८

फोन नं. ०१-४३१५७६६

मिति : २०७९।१२।०७

**विषयः- आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा २०७९ सञ्चालन सम्बन्धमा ।**

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ को यस चन्द्रागिरि नगरपालिकाको आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा यही मिति २०७९।१२।०८ गते बिहान १०:०० बजेबाट सञ्चालन हुने व्यहोरा अवगत नै छ । उक्त परीक्षालाई स्वच्छ, मर्यादित र शान्तिपूर्ण रुपमा सञ्चालन एवं व्यवस्थापन गर्न आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा समिति चन्द्रागिरिको मिति २०७९।१२।०७ को निर्णयानुसार देहाय बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबै विद्यालयहरुलाई अनुरोध छ ।

**परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु हुन**

१. यस चन्द्रागिरि नगरपालिका अन्तर्गत कक्षा ८ सञ्चालन भएका सबै विद्यालयहरुलाई (सामुदायिक/संस्थागत/धार्मिक/बैकल्पिक) आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा-२०७९ सञ्चालनका लागि परीक्षा केन्द्र कायम गरिएको छ ।

२. माथि १ नं.मा उल्लेखित विद्यालयका प्र.अ./प्रिन्सिपलहरुलाई आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा-२०७९ सञ्चालन तथा व्यवस्थापनका लागि आ-आफ्नो विद्यालयको केन्द्राध्यक्ष भई कामकाज गर्न तोकिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन ।

३. परीक्षामा सञ्चालन हुने विद्यार्थीहरुको प्रवेश पत्र विद्यालयको एकीकृत शैक्षिक तथ्याँक प्रणाली (IEMIS) लगिन गरी प्रत्येक विद्यार्थीको २ प्रति प्रिन्ट गर्ने र दुवै प्रतिमा विद्यार्थीको फोटो टाँसी प्र.अ./प्रिन्सिपलले फोटो प्रमाणित गर्ने विद्यालयको छाप र प्र.अ./प्रिन्सिपलको दस्तखत समेत गरी प्रमाणितका लागि च.न.पा.शिक्षा शाखामा ल्याउने र एक प्रति यसै शाखामा राखी एकप्रति सम्बन्धित परीक्षार्थीलाई उपलब्ध गराउने भनी यसपूर्व गरिएको परिपत्र बमोजिम सबै विद्यार्थीहरुलाई परीक्षा हलमा प्रवेश पत्र सहित सहभागी गराउनु हुन ।

४. विद्यार्थीको नामको पहिलो अक्षरको क्रममा सिट प्लान गर्ने, एक विद्यार्थीदेखि अर्को विद्यार्थीको दूरी करिव ३ फिट कायम गर्नुहुन ।

५. प्रत्येक दिनको परीक्षा शुरु हुनु भन्दा आधा घण्टा अघि कम्तिमा ३ जनाको रोहवरमा प्रश्नपत्रको प्याकेट खोली रुजु गर्ने । यदी प्रश्नपत्र कम भए तत्काल गोप्य रुपमा फोटोकपी गरी आवश्यक संख्या पुर्‍याउनु हुन । सम्बन्धित विषयको प्रश्नपत्र नभएमा तत्काल शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहुन ।

६. उ.पु.संकलन गरी विद्यालय/परीक्षा केन्द्रमा नै राखी उपलब्ध गराइएको मार्किङ स्किम (Answer Key) अनुसार सम्बन्धित विषय शिक्षकलाई उ.पु.परीक्षण गराउन लगाउनु हुन ।

७. परीक्षार्थीको हाजिरी फाराम तयार गरी प्रत्येक दिन र विषयको हाजिरी लिने व्यवस्था गर्नुहुन । साथै उत्तर पुस्तिकामा रहेको दिर्नेशन पालना गर्नु गराउनु हुन

८. परीक्षा व्यवस्थापन सम्बन्धमा कुनै समस्या भएमा परीक्षा समितिका तपसिल बमोजिमका पदाधिकारीहरुलाई तुरुन्त सम्पर्क गर्नुहुन ।

**तपसिल-**

१.श्री कर्ण बहादुर भुवाजी-९८५१२५३६६४, २.श्री बुद्धिप्रसाद भट्ट-९८५१०६५२४९, ३. श्री माधव प्रसाद गौतम-९८४१३९७७०८, ४. श्री भक्त बहादुर शाही-९८४१६४९८७२, ५. श्री सरोज महर्जन-९८५१२३४३२१, ६. श्री अञ्जना सुवेदी-९८४९१२००५८, ७. श्री यशोदा श्रेष्ठ-९८४१३०९५३७

कर्ण बहादुर भुवाजी